# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प. सं. ८/२०७७/०७८ प्र. ज. वि. शा.
च. नं. १२९६

मिति: २०७७/०७/१७

विषय: तालिममा सहभागी मनोनयन गरी पठाउने सम्बन्धमा ।

श्री वडा कार्यालयहरू,
वडा नं. १, १५, १६, २०, २१, २३, २४, २५, २६ र २७
भरतपुर महानगरपालिका ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, चितवनको प. सं. ०७७/७८ च. नं. ७७ मिति २०७७/०७/१६ गतेको पत्र यसैसाथ संलग्न छ । व्यहोरा उक्त पत्रबाटै अवगत गर्नुभई सम्बन्धित वडाहरुबाट तालिममा सहभागी हुन योग्यता पुगेका इच्छुक व्यक्तिहरुलाई मनोनयन गरी सम्बन्धित कार्यालयमा पठाउनुहुन आदेशानुसार अनुरोध छ ।

२०७७/७/१७
(डम्बरबहादुर विश्वकर्मा)
अधिकृतस्तर सातौं
अधिकृत स्तर सातौं

नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई

प.सं. ०७७/७८
च.नं. ८८

मिती : २०७७।०७।१६

श्रीमहानगर कार्यपालिकाको कार्यालय
भरतपुर महानगरपालिका, भरतपुर, चितवन ।

विषयः वीमा अभिकर्ता स्रोत व्यक्ति विकास तालिममा सहभागी मनोनयन सम्वन्धमा

प्रस्तुत विषयमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, भरतपुर चितवनको आ.व. २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार वीमा अभिकर्ता स्रोत व्यक्ति विकास तालिम (३ दिने ) तपसिलको मिति, समय र स्थानमा संचालन गरिने हुदा तँहा पालिका भित्रका देहायवमोजिमका प्रत्येक वडाहरुबाट १ जना कृषि विषय लिई एस.एल.सी वा टी.एस.एल.सी. वा आई.एस्सी. एजी उत्तीण वा अन्य विषय लिई एस.एल.सी. उत्तीण गरेकाको हकमा अनिवार्यरुपमा कृषि वा पशु सम्वन्धी कुनै पनि विषयमा १ दिन वा सो भन्दा वढी अवधिको तालिम र तालिम प्राप्त गरिसकेपछि कृषकहरुलाई बीमा गराउन इच्छुक सहभागी मनोनयन गरी पठाईदिनुहुन अनुरोध छ ।

तपसिलः
मितिः २०७७/०८/०७ देखी ९ गतेसम्म ( ३ दिन)
स्थानः चेतना भिलेज भरतपुर-७, कृष्णपुर, चितवन
समयः ठीक १० वजेबाट

तालिमको सहभागीका लागि मनोनयन गर्ने वडाहरु
१,१५, १६, २०, २१, २३, २४, २५ २६ र २७

तालिममा सहभागी हुन आउने प्रशिक्षार्थीहरुले देहायका कागजातहरु अनिवार्यरुपमा पेश गर्नु पर्नेछ
१.नेपाली नागरिकताको प्रतिलिपी-१ प्रति
२.कृषि विषय लिई एस.एल.सी वा टी.एस.एल.सी. वा आई.एस्सी. एजी प्रमाणपत्रको प्रतिलिपी-१/१ प्रति ( लब्धांक प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र दुवै)
३. यदि अन्य विषय लिई एस.एल.सी. गरेका सहभागीहरुले अनिवार्यरुपमा कृषि वा पशु सम्वन्धी कुनै विषयमा १ दिन वा सो भन्दा बढी अवधीको तालिम लिएको प्रमाणपत्रको प्रतिलिपी-१
(नोट माथिका सम्पूर्ण कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित गरेको हुनु पर्ने छ । )
४. ५ प्रति पासपोर्ट साइजको फोटो ।

सम्पर्क व्यक्तिः कृषि अधिकृत
इन्द्र शर्मा ढुंगाना
९८५५०६३०५२/९८५५०३५४१८

...........
मेघनाथ तिमलसेना
बरिष्ठ कृषि अधिकृत